Vangmaya
Vol. 20, No. 1: 84-94, July 2024
Central Department of Nepali, Kirtipur
DOI: https://doi.org/ 10.3126/vangmaya.v20i01.68177

# उत्तरवर्ती चरणका नेपाली कवितामा चिद्वैषम्य

ज्ञानु अधिकारी


## लेखसार

*प्रस्तुत आलेखमा उत्तरवर्ती चरणमा लेखिएका केही प्रतिनिधिमूलक नेपाली कवितालाई पाठका रूपमा लिई ती कविताहरूमा प्रयुक्त चिद्वैषम्यका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरिएको छ । यस क्रममा पुस्तकालयबाट सामग्री सङ्कलन गरी उत्तरवर्ती चरणमा लेखिएका कविताहरूको सामान्य सर्वेक्षण गरिएको छ र चिद्वैषम्यको प्रयोग गरिएका कवितालाई मात्र यहाँ चयन गरिएको छ । यस लेखमा व्याख्यात्मक एवम् विश्लेषण विधिको प्रयोग गरी कविताहरूमा प्रयुक्त चिद्वैषम्यको निरूपण गरिएको छ । यहाँ जेनिफर बेट्सले व्याख्या गरेको चिद्वैषम्यको अवधारणालाई आधार बनाएर कवितामा प्रयुक्त चिद्वैषम्यको व्याख्या-विश्लेषण गरिएको छ । मूलतः मनोविज्ञान, मनोचिकित्सा र स्नायुविज्ञानबाट सर्वप्रथम चिद्वैषम्यको अध्ययन प्रारम्भ भएको हो र यो अध्ययनको शाखा अहिले साहित्यमा पनि बलियोसँग झाँगिएको छ । साहित्यमा अक्षर, ध्वनि, शब्द, दृश्य, रङ्ग र अनुभूतिलाई तिनले दिने विपरीत अर्थसँग जोडेर अप्रकटित कुरा खोज्नु नै चिद्वैषम्यको अवधारणा हो । यस अध्ययनबाट उत्तरवर्ती चरणमा लेखिएका नेपाली कविताहरूमा इन्द्रियजन्य विपरीत संवेदनाहरूको संयोजनबाट निर्मित चिद्वैषम्यको प्रयोग भएको र यसले उत्तरवर्ती नेपाली कविता भाव वा विचारका दृष्टिले मात्र नभई शिल्पशैली र कलात्मकताका दृष्टिले पनि सौन्दर्ययुक्त बनेको र कविताको कथ्यमा प्रभावकारिताका साथै विशेष र अर्थपूर्ण बनाएको निष्कर्ष निकालिएको छ ।*


**शब्दकुञ्जी** : ऐन्द्रियिकता, मनोचिकित्सा, विपर्यास, संज्ञानात्मकता, संवेदनात्मकता ।

## १. विषयपरिचय

प्रस्तुत अध्ययन उत्तरवर्ती नेपाली कवितामा प्रयोग भएका चिद्वैषम्यको अध्ययन तथा विश्लेषणमा केन्द्रित छ । आधुनिक नेपाली कविताको विकासपरम्परामा २०४६ यताका कवितालाई उत्तरवर्ती चरणका कविता मानिन्छ । प्रस्तुत अध्ययनमा भने समकालीन नेपाली कविताको सबैभन्दा पछिल्लो समयको एक दशकलाई उत्तरवर्ती समय मानिएको छ र पछिल्लो अर्थात् सत्तरीको दशकमा लेखिएका कवितालाई मात्र यहाँ अध्ययनको क्षेत्र बनाएर सीमाङ्कन गरिएको छ । उत्तरवर्ती नेपाली कवितामा प्रयोग भएको चिद्वैषम्यका विविध आयामहरूलाई विभिन्न कोणहरूमा केन्द्रित रही विश्लेषण र मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य रहेको छ । चिद्वैषम्य एउटा संज्ञानात्मक अवधारणा हो । यसमा परस्पर विपरीत विशेषता भएका शब्दहरूले आफ्नो अर्थ छोडेर त्यसभन्दा भिन्न अर्थ र बिम्बहरूलाई सम्बोधन गर्छन् । नेपाली कवितामा चिद्वैषम्यको प्रयोग अहिले पछिल्लो समयमा आइपुग्दा मात्र भएको होइन । यसको प्रयोग आधुनिक कालको प्रवेश भएदेखिकै कविताबाट भएको हो । प्रयोगवादी धाराका कवितादेखि यसको प्रयोग अझ प्रभावकारी रूपमा हुन थालेको हो । उत्तरवर्ती नेपाली कवितामा चिद्वैषम्यको प्रयोग त्यति व्यापक रूपमा भएको नपाइए पनि यसको प्रयोग गरी लेखिएका कविता भने विशेष र पृथक् देखिन्छन् । यसरी नेपाली कवितामा चिद्वैषम्यको

प्रयोग पहिलेदेखि नै भए पनि यसको गहन अध्ययन तथा विश्लेषण भने अहिलेसम्म भएको थिएन । कवितामा किन चिद्वैषम्यको प्रयोग गरिन्छ ? र यसले कवितामा केकस्तो पृथक्ता ल्याउँछ ? भन्ने जिज्ञासामा आधारित भएर तयार पारिएको यस आलेखले नेपाली कविताको अध्ययनमा देखिएको उक्त रिक्ततालाई मेटाउनेभएकाले पनि यो लेख महत्वपूर्ण देखिन्छ ।

## २. अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निर्धारित उद्देश्यहरू पूरा गर्नका लागि पुस्तकालय कार्यबाट उत्तरवर्ती नेपाली कवितामा प्रयुक्त चिद्वैषम्य ध्वनित गर्ने कविताांशहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । तथ्याङ्कको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमूना छनोटपद्धति अवलम्बन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यस लेखमा उपर्युक्त प्राथमिक र द्वितीयक दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी उत्तरवर्ती नेपाली कवितामा प्रयुक्त चिद्वैषम्यको अध्ययन गरिएको छ । कवितामा प्रयोग भएको चिदवैषम्यको प्राज्ञिक अध्ययन गर्नका लागि विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र निगमनात्मक विधिको प्रयोग गरेर सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ। यस अध्ययनमा मूलतः उत्तरवर्ती नेपाली कविताहरूमध्ये चिद्वैषम्यको प्रयोग भएका कविताका उद्धरणहरूलाई तथ्यका रूपमा सङ्कलन गरिएको छ । यहाँ ज्योति जङ्गलको 'बादशाहको चुम्बन', नेत्र एटमको 'सम्फनाको लयमा विलीन हुँदै', महेश पौड्यालको 'प्रेमको उत्सव', मुक्तान थेबाको 'खतरनाक छ- मान्छेभित्र मान्छे नहुनु', हेमन यात्रीको 'नेपाल एयरमा एकजोर आँखा', गोपी सापकोटाको 'रङ', मनु मञ्जिलको 'दुस्मन', रमेश क्षितिजको 'कायानुस्मृति', देवव्रतको 'त्यसपछि', भूपिनको 'पागलको गीत', अभय श्रेष्ठको 'सुश्री आमा सुन्दरी', नवीन प्राचीनको 'प्वाँख', राजु स्याङ्तानको 'सपनामा आउने मान्छे', गिरी श्रीश मगरको 'मौन व्रतको सीमा' जस्ता प्रतिनिधिमूलक कविका कविताहरू चयन गरिएका छन् । सङ्कलित सामग्रीको चयनपश्चात् तिनलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी अध्ययन विश्लेषण गरिएको छ ।

## ३. चिद्वैषम्यको सैद्धान्तिक आधार

चिद्वैषम्य शब्द चित् र विषम शब्दको योगबाट बनेको तत्सम शब्द हो र चित्ले चेतनतत्त्व वा इन्द्रियसंवेद्यतालाई अभिव्यञ्जित गर्छ भने वैषम्य शब्दले विषम हुँदाको अवस्था, विषमता, असमानता, विपर्यास वा विपरीतता भन्ने अर्थ दिन्छ । साहित्यमा यस शब्दलाई संवेदनात्मक बिम्बका रूपमा मानिन्छ र यही संवेदनात्मक बिम्बको प्रयोगले साहित्यिक अभिव्यक्तिको प्रभावकारितालाई उत्कर्षमा पुऱ्याउँछ । मूलतः मान्छेका पञ्च ज्ञानेन्द्रियसँग सम्बद्ध तिनका कार्य रूप, रस, गन्ध, शब्द र स्पर्शजस्ता संवेदनाहरूको विपर्यास स्थितिबाट चिद्वैषम्यको सृजना सृजना हुन्छ (बेट्स, सन् २०००, पृ. २२) । कुनै पनि कुरा वा शब्दहरू सुन्दा रङ्गहरूको अनुभव गर्नु, गन्ध सुँघ्दा आकारहरू देख्नु, शब्दहरूमा स्वादको अनुभव गर्नु, दृश्यहरू देख्दा ध्वनिको अनुभूति हुनु आदि ऐन्द्रियिक विषयलाई विपरीत वा विपर्यास बनाएर अनुभूत गर्नु र प्रयोग गर्नु चिद्वैषम्यको अवधारणा हो । यही अवधारणालाई अवलम्बन गरेर लेखिएका साहित्यमा चिद्वैषम्यको प्रयोग भएको हुन्छ ।

कवितामा चिदवैषम्यको प्रयोग बिम्बात्मक अर्थ प्रकट गर्ने सन्दर्भमा प्रस्तुत भएको हुन्छ । सामान्य भाषामा अर्थात् चलनचल्तीमा प्रयोग हुने शब्द र अर्थभन्दा पृथक् शब्दार्थको प्रयोग हुनेभएकाले चिद्वैषम्यलाई साहित्यमा विशिष्ट र कलात्मक अर्थ अभिव्यञ्जित गर्ने भाषिक अभिव्यक्तिका रूपमा लिइन्छ र यसमा ध्वनि तथा आकारका बिच सूक्ष्म अन्तर्क्रिया हुन्छ । शरीरमा इन्द्रियजन्य श्रवण, दृष्टि, स्वाद, स्पर्श र गन्धको परस्पर सम्मिश्रण हुन्छ र एउटाको धर्म वा विशेषता अर्काको गुण, धर्म वा विशेषताका रूपमा अन्तरण हुँदा चिद्वैषम्यको सृजना हुन्छ । उदाहरणका लागि फूलको धार, गुलियो सहर, सन्नाटाको गुञ्जन, चिसो घाम, सुमधुर नृत्यजस्ता शब्दहरूको प्रयोगबाट नै चिद्वैषम्यको निर्माण हुन्छ । यहाँ उदाहरणका लागि दिइएको फूलको धारले दुई विपरीत संवेदनात्मक अर्थलाई जोडेको छ र नयाँ संवेदनात्मक अर्थलाई ध्वनित गरेको छ । जस्तै यहाँ फूल शब्दले नरमको अर्थसँग सम्बद्ध स्पर्शजन्य संवेदना प्रकट गर्दछ भने धार शब्दले धारिलो हतियारको अर्थसँग सम्बद्ध दृश्यजन्य संवेदनात्मक अर्थलाई प्रकट गरेको छ र स्पर्श र दृश्यको संयोजनबाट नयाँ भाव वा विचार सम्प्रेषित भएको छ । यस्तो सृजनाले साहित्यमा विशिष्टताको निर्माण गर्नुका साथै कविताका अप्रकटित अर्थहरू बाहिर आउँछन् र कविताका पाठकलाई संवेदित बनाउन सफल हुन्छन् ।

इन्द्रबहादुर राईका अनुसार मानव शरीरका विभिन्न अङ्ग तथा यससँग सम्बद्ध आँखा, कान, शरीर, मन, बुद्धि, जगत् आदिलाई सामान्य अर्थमा भन्दा भिन्न रूपमा ग्रहण गर्ने चेतना नै चिद्वैषम्य हो । उनले चिद्वैषम्यलाई चित् तत्त्व र इन्द्रिय संवेदनालाई उल्ट्याएर हेर्ने एउटा उच्च चेतना मानेका छन् । साथै रसहीन, रङ्गहीन, ध्वनिविहीन, गन्धहीन तत्त्वभित्र तिनको खोजी गर्नुलाई पनि चिद्वैषम्यका रूपमा लिएको देखिन्छ । (राई, सन्, १९८२, पृ. ११) । यसरी मनोविज्ञान, मनोचिकित्सा-विज्ञान र स्नायुविज्ञानजस्ता क्षेत्रमा प्रयोग हुँदै साहित्य क्षेत्रमा प्रवेश गरेको चिद्वैषम्यको प्रयोग उत्तरवर्ती नेपाली कवितामा अझ व्यापक रूपमा भएको देखिन्छ । पञ्च ज्ञानेन्द्रियसँग सम्बद्ध तिनका कार्य रूप, रस, गन्ध, शब्द र स्पर्श संवेदनाको विपर्यास स्थितिबाट चिद्वैषम्यको सृजना सृजना हुन्छ (बेट्स, सन् २०००, पृ. २२) । कुनै पनि कुरा वा शब्दहरू सुन्दा रङ्गहरूको अनुभव गर्नु, गन्ध सुँघ्दा आकारहरू देख्नु, शब्दहरूमा स्वादको अनुभव गर्नु, दृश्यहरू देख्दा ध्वनिको अनुभूति हुनु आदि ऐन्द्रियिक विषयलाई विपरीत वा विपर्यास बनाएर अनुभूत गर्नु र प्रयोग गर्नु चिद्वैषम्यको अवधारणा हो (विकिपिडिया, डिसे.२ सन् २०२३) भन्ने कुरालाई धेरै विद्वान्हरूले समर्थन गरका छन् ।

पाश्चात्य जगत्मा मनोविज्ञान, मनोचिकित्सा र स्नायुविज्ञानबाट सर्वप्रथम चिद्वैषम्यको अध्ययन प्रारम्भ भएको मानिन्छ । यसरी चिद्वैषम्य सुरुमा नै साहित्यमा प्रयोग हुन आएको नभई मनोविज्ञान, सङ्गीत, कला हुँदै साहित्यमा भित्रिएको हो । यस शब्दले इन्द्रियजन्य अनुभूतिलाई विपर्यासका रूपमा हेर्छ भन्ने धारणा सिमरको छ (सिमर, सन् २०१२, पृ. ३) । अक्षर, ध्वनि, शब्द, दृश्य, रङ्ग र अनुभूतिलाई तिनले दिने विपरीत अर्थसँग जोडेर अप्रकटित कुरा खोज्नु नै चिद्वैषम्य सिद्धान्तको अवधारणा हो । यस सन्दर्भलाई स्पष्ट पार्नका लागि सिमरले भ्लादिमिर नाबोकोभको उपन्यास ‘द गिफ्ट’ को फ्योडर पात्रको क्रियाकलापको गहिरो अध्ययन गरेर चिद्वैषम्यको उदाहरण प्रस्तुत गरेको देखिन्छ । उनका अनुसार फ्योडोरले अक्षर र ध्वनिमा सौन्दर्य देख्छ, दृश्यलाई सुन्छ र गन्धलाई छुन्छ । यसरी इन्द्रियलाई बहुसंवेदी बनाएर विभिन्न दृश्य वा वस्तुलाई हेर्नु चिद्वैषम्यको विशेषता हो । कला वा साहित्यमा यस्तो चिद्वैषम्यको प्रयोग तेस्रो दृष्टि भएका कलाकार वा लेखकले मात्र गर्न सक्दछन् (सिमर, सन् २०१२, पृ. ३) । यसै कुरालाई पुष्टि गर्दै इन्द्रबहादुर राईले आँखा, कान, शरीर, मन, बुद्धि, जगत् आदिलाई भिन्नभिन्न रूपमा ग्रहण गर्ने

चेतन वा चित्तत्त्व र इन्द्रिय संवेदनालाई उल्ट्याएर हेर्ने रसहीन, रङ्गहीन, ध्वनिविहीन, गन्धहीन तत्त्वभित्र तिनको खोजीलाई चिद्वैषम्यका रूपमा लिएको देखिन्छ । यसैलाई उनले लेखिएका र पढिएकाभन्दा भिन्न नानारूप सृष्टि मानेका छन् (राई, सन् १९९४, पृ. ८२) । चिद्वैषम्यको प्रयोग भएका पदावली, वाक्य वा पाठमा परस्पर विपरीत विशेषता भएका शब्दहरूहरूको उपस्थिति रहन्छ र ती शब्दहरूले आफ्नो अर्थ छोडेर त्यसभन्दा भिन्न अर्कै अर्थ र बिम्बहरूलाई सम्बोधन गर्छन् ।

चिद्वैषम्यमा ध्वनि र आकारबिच सूक्ष्म अन्तर्क्रिया हुन्छ । शरीरका इन्द्रियजन्य श्रवण, दृष्टि, स्वाद, स्पर्श र गन्धको परस्पर सम्मिश्रण हुन्छ र एउटाको धर्म वा विशेषता अर्कोको विशेषताका रूपमा अन्तरण हुँदा चिद्वैषम्यको सृजना हुन्छ । यस्तो सृजनाले साहित्यमा विशिष्टताको निर्माण गर्छ र कविताका अप्रकटित अर्थहरू बाहिर आउँछन् (सिमर, सन् २०१२, पृ. ३) । शब्दले परस्पर विपरीत अर्थ दिएमा वा विपर्यासहरूबाट अर्थ ग्रहण हुन सकेमा मात्र शब्दको सार्थकता हुन्छ भन्ने मान्यता चिद्वैषम्यको अवधारणाबाट स्पष्ट हुन्छ । “शब्दहरूलाई कुनि के भएको छ अचेल, ठीक कुरा ठीक कुरा बताउँदैनन्, प्रत्येक शब्द बेचिन्छ अनेक अर्थ” (राई, सन् १९९७, पृ. १०) भन्ने इन्द्रबहादुर राईको अवधारणाले पनि विपर्यास शब्दयुग्मका अर्थहरूलाई स्पष्ट पारेको देखिन्छ । यसर्थ चिद्वैषम्य इन्द्रियातीत अनुभूतिहरूको अभिव्यक्ति हो भन्ने धारणा राईको रहेको छ । “रूप प्रतीति मात्र हुन् भन्न सकिन्छ। रूपलाई मात्र पनि वस्तुता देख्न सकिन्छ। व्यावहारिक जगत्मा जुन थोक या घटना हाम्रो वशबाहिरका हुँदा मात्र वस्तुतामा पुग्छन्” (राई, सन् १९९७, पृ. १०)। चिद्वैषम्य हुन मूलतः विपरीत शब्द वा शब्दविपर्यास, ती शब्दले दिने इन्द्रियातीत विपरीत अर्थ र त्यसबाट अभिव्यञ्जित हुन अप्रकटित वा नयाँ अर्थ देखिनुपर्छ। पाश्चात्य जगत्मा सुरुमा आख्यानहरूमा चिद्वैषम्यको प्रयोग व्यापक देखिएको पाइन्छ भने पछिल्लो समयका नेपाली कवितामा पनि चिद्वैषम्यको प्रयोग प्रशस्त देखिएकाले यो विषयक्षेत्र अध्ययनीय देखिन्छ।

## ४. नतिजा र विमर्श

उत्तरवर्ती नेपाली नेपाली कवितामा केही प्रभावशाली कविहरूले चिद्वैषम्यको प्रयोग गरेर कविता सृजना गरेको देखिन्छ। कवितामा प्रयुक्त भाव वा विचारलाई संवेदनाको उच्चतम बिन्दुमा पुऱ्याउने उद्देश्यले चिद्वैषम्यको प्रयोग भएको छ । अमूर्त भावहरूलाई विभिन्न बिम्बका माध्यमबाट प्रभावकारी बनाउने उपक्रमसँगै चिद्वैषम्यले कवितामा प्रवेश पाएको देखिन्छ । कवितामा चिद्वैषम्य हुनका लागि अनिवार्यतः त्यहाँ विपरीत अर्थ बुझाउने शब्द वा शब्दविपर्यासको प्रयोग हुनैपर्छ । त्यस्ता विपर्यासयुक्त शब्दले दिने अर्थ विपरीत र इन्द्रियातीत अर्थ हुनुपर्छ र त्यसबाट अभिव्यञ्जित हुने अर्थ अप्रकटित वा नयाँ देखिनुपर्छ (बेट्स, सन् २०००, पृ. २९) । उत्तरवर्ती नेपाली नेपाली कवितामा देखिएका चिद्वैषम्यको प्रयोगका केही तथ्यहरूबाट पविताले केही पृथक् अर्थ ध्वनित गरेको देखिन्छ । यसै सन्दर्भमा सत्तरीको दशकका केही प्रतिनिधिमूलक कवितांशमा चिद्वैषम्यको प्रयोगका साक्ष्य र तिनका विश्लेषणलाई तल प्रस्तुत गरिएको छ :

हजार स्त्रीको बास आउँछ,
अत्यास आउँछ, विनाश आउँछ,
सँगसँगै तिनको चित्कार पनि आउँछ,
बादशाहको चुम्बनमा ।

(ज्योति जङ्गल, ‘बादशाहको चुम्बन’, *आधा शिर उचालेर*, पृ. १००) ।

चुम्बनलाई विषय बनाइएको यस कवितांशमा चिद्वैषम्यको राम्रो प्रयोग गरिएको छ। दृश्यसंवेदना र स्पर्शसंवेदनासँग सम्बद्ध चुम्बनलाई यहाँ गन्धसंवेदनासँग, शब्दसंवेदनासँग र अनुभूतिसँग समाहित गरी चुम्बनको अर्थलाई इन्द्रियजन्य अनुभूतिहरूमा रूपान्तर गरिएको छ। यस कवितांशमा बादशाहको चुम्बनमा हजारौँ स्त्रीको बास आउने, अत्यास आउने, विनाश आउने र विनाशसँगै चित्कार आउने प्रसङ्गले अनुभूतिजन्य विपर्यासलाई प्रस्तुत गरी भावलाई उत्कर्षमा पुऱ्याइएको छ । चुम्बन

स्पर्शसंवेदनाजन्य सुखानुभूति हो तर यस कवितांशमा चुम्बनबाट अत्यास, विनाश र चित्कार आएको कुरा प्रस्तुत गरी चिद्‌वैषम्यको सृजना गरिएको छ । यस्तै चिद्‌वैषम्यको प्रयोग गरी लेखिएका कविताहरूमध्ये तलको कवितांश पनि प्रभावकारी छ :

बादलका आँखाको डिल पुछेर
आँसुले लेखेका एक झरी अक्षरहरू
नदीको मुटुभरि भेलजस्तो वेगवान् याद सँगालेर
आएका छन् तिम्रो मनमा बास बस्न
समयको पखेटा भएकी मालचरी !

(नेत्र, एटम, 'सम्झनाको लयमा विलीन हुँदै', *प्रिय मौनता,* पृ. ६८) ।

उपर्युक्त कवितांशमा मूलतः ऐन्द्रियिक दृश्यबिम्बलाई चक्षुसंवेदनाका धर्मबाट अलग्याएर यसका विपरीत अनुभूतिजन्य संवेदनासँग जोडेर चिद्‌वैषम्यको सृजना गरिएको छ। समयको पखेटा भएकी मालचरीलाई सम्बोधन गरेर लेखिएको प्रस्तुत कवितांशमा प्रकृतिका दृश्यबिम्ब र संवेदनाका अमूर्त पक्षहरूलाई समीकरण गर्दै चिद्‌वैषम्यका माध्यमबाट नवीन भाव सम्प्रेषण गरिएको छ । यस कवितांशमा प्रयोग भएका बादलका आँखाको डिल पुछ्नु, आँसुले एक झरी अक्षर लेख्नु, नदीको मुटुभरि, भेलजस्तो वेगवान् याद र समयको पखेटा भएकी मालचरीजस्ता पदावलीहरुमा परस्पर विपरीत भावबिम्बको प्रयोगद्वारा चिद्‌वैषम्यको सृजना गरिएको छ। यहाँ बादलको आँखामा दृश्यसंवेदना र डिल पुछ्नु स्पर्शसंवेदनाका बिम्बको प्रयोग गरी इन्द्रियजन्य संवेदनाको प्रगाढता व्यक्त गरिएको छ। प्रस्तुत कवितांशमा विपरीत अर्थ लाग्ने शब्दहरूले कविताको भावलाई दृश्य र स्पर्शसंवेदनाबाट अनुभूतिगत संवेदनाको गहिराइतिर लगी उत्कर्षमा पुऱ्याउनुका साथै नयाँ अर्थको निर्माण पनि गरेका छन्। यसर्थ यो कवितांश चिद्‌वैषम्यको सृजनाका दृष्टिले उल्लेखनीय छ । यस्तै चिद्‌वैषम्यको प्रयोग भएको अर्को कवितांश यसप्रकार छ :

कसैले बनाएका
मर्यादाका लाछी लाशहरूको
खरानीको तगारोलाई
हामीले 'फू' गरेरै ढालिदियौँ
र प्रेमको उत्सव मनायौँ ।

(महेश पौड्याल, 'प्रेमको उत्सव', *शून्य प्रहरको साक्षी,* पृ. २२) ।

प्रेम गर्नेहरूलाई प्रेम गर्नबाट रोक्न र प्रेमबाट वञ्चित हुन कसैले रोक्न सक्दैन भन्ने भाव व्यक्त गर्ने क्रममा माथिको कवितांशका पदावलीहरूमा चिद्‌वैषम्यको प्रयोग गरिएको छ । 'मर्यादाका लाछी लाशहरू' र 'खरानीको तगारो' जस्ता पदावलीमा सामान्य अर्थ दिने शब्दहरूको प्रयोग नगरेर विपर्यासयुक्त शब्दको प्रयोग गरी नवीन अर्थ सम्प्रेषण गरिएको छ। यहाँ मर्यादा मान्छे होइन, यो अमूर्त भाव वा गुण हो। यसलाई लाछी भनिएको छ र लाछी पनि अझ लासहरूको भनिएको छ । लास कहिल्यै लाछी वा बहादुर हुँदैन लास निर्जीव वस्तु हो तर यहाँ मर्यादालाई लाछी लास भनिएको छ । यसैगरी प्रेम बिथोल्न आउनेले लगाएको 'खरानीको तगारो' लाई फू गरेर ढालिदिएको सन्दर्भमा पनि खरानी आफैँमा डल्ला बन्न नसक्ने धुलो हो । त्यसले तगारोको काम गर्न सक्दैन र पनि यहाँ प्रेमलाई रोक्न खोज्ने संसारका सारा प्रयासहरू खरानीको तगारोबाहेक अरू केही हुन सक्दैनन् भन्ने अर्थ सम्प्रेषण गरिएको छ । यसरी विपरीत अर्थ र संवेदनाको प्रयोग गरी भावलाई सशक्त बनाइएको हुनाले यस कवितांशमा चिद्‌वैषम्यको प्रयोग भएको छ । यसैगरी चिद्‌वैषम्यको प्रयोग अर्को उदाहरण यसप्रकार छ :

मान्छे हराएका
मान्छेहरू देख्छु अचेल
हावा भरिएको बेलुनजस्तो
अक्सिजन भरिएर हाड, छालामा
ठिङ्ग उभिएको स्वरूप नै
के मान्छे हो त ?

(मुक्तान थेबा, 'खतरनाक छ- मान्छेभित्र मान्छे नहुनु', *अखण्ड आवाज,* पृ. १००) ।

मान्छे संवेदनाहीन बन्दैगएकोप्रति गहिरो चिन्ता व्यक्त गरिएको यस कवितांशमा चिद्वैषम्यको प्रयोग गरिएको छ । मान्छेबाट मान्छे हराउनु सामान्य अर्थ होइन । हावा भरिएको बेलुनजस्तै विवेकहीन र निर्जीव जीवन बाँचिरहेको मान्छेको स्वरूपबाट मान्छे अर्थात् मान्छेपन नै हराएको कुरा यहाँ व्यक्त गरिएको छ। चिद्वैषम्यको स्थिति सृजना हुनका लागि शरीरका इन्द्रियजन्य संवेदनाहरू, जस्तै : श्रवण, दृष्टि, स्वाद, स्पर्श र गन्धको परस्पर सम्मिश्रण हुनुपर्दछ र एउटाको धर्म वा विशेषता अर्कोको विशेषताका रूपमा रूपान्तरण हुनुपर्दछ भन्ने चिद्वैषम्यको मान्यतालाई प्रस्तुत कवितांशमा प्रयोग गरिएको छ। यहाँ मान्छेजस्ता देखिएका मान्छेहरू वास्तवमा मान्छे नभएको र हावा भरिएको निर्जीव प्राणीजस्तो भएको अवस्थामा यहाँ दृष्टि, स्पर्श र अनुभूतिको विपर्यास भएको छ र यसले चिद्वैषम्यको निर्माण गरेको छ । त्यस्तै चिद्वैषम्यको प्रयोग गरेर लेखिएको अर्को साक्ष्य यसप्रकार छ :

आफ्नैजस्तो छाया बोकेर
कति पटक सहूँ चोटहरू,
त्यसैले
बिर्सूँ भन्छु
ढुङ्गाजस्तो यादका कुरा
तर
उनी छातीमा एउटा फूलको
तरबार लिएर घुमिरहन्छिन् ।

(हेमन यात्री, 'नेपाल एयरमा एकजोर आँखा', *पहाड मसितै यात्रा गर्छ,* पृ. १००) ।

प्रेमिल भावलाई उत्कर्षमा पुऱ्याइएको यस कवितांशमा आफ्नैजस्तो लाग्ने छायाले चोट दिएको, ढुङ्गाजस्ता यादहरू बिर्सन नसकेको र छातीमा एउटा फूलको तरबार लिएर उनी घुमिरहेकोजस्ता पदावली र सन्दर्भहरूमा चिद्वैषम्यको निर्माण भएको पाइन्छ । यहाँ प्रयोग भएका शब्दहरूले एकआपसमा विपरीत अर्थ साटासाट गरेका छन् र नयाँ अर्थको निर्माण गरेका छन् । यहाँ छाया भन्नेबित्तिकै शीतल भन्ने बुझिन्छ र यो स्पर्शसँग सम्बद्ध हुन्छ भने चोट भन्नेबित्तिकै घाउ भन्ने बुझिन्छ र यो दृश्यसँग सम्बद्ध हुन्छ । यसरी छायाले चोट दिनु आफैँमा विपर्यास हो । त्यसैगरी यादहरूलाई ढुङ्गासँग समीकरण गर्नु र फूल र तरबारजस्ता विपरीत अर्थ र संवेदनालाई एकै ठाउँमा राखेर भावलाई उत्कर्षमा पुऱ्याउनु चिद्वैषम्यको काम हो । यसरी यहाँ चिद्वैषम्यको प्रयोग गरेर प्रेमको पृथक् अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गरिएको छ । यस्तै तलको कवितांशमा पनि यस्तै चिद्वैषम्यको प्रयोग गरिएको छ, यसको एउटा साक्ष्य यसप्रकार छ :

मृत्युमा जीवन हुन्छ
सायद त्यसैले ऊ चिरञ्जीवी बाँचिरहन्छ ।

(गोपी सापकोटा, 'रङ', *गुलाफको एस्ट्रेमा मृत्यु,* पृ. २९) ।

मृत्युचिन्तन प्रस्तुत गरिएको प्रस्तुत कवितांशमा चिद्वैषम्यको प्रयोग प्रभावकारी रूपमा भएको छ । मृत्यु र जीवन विपरीत अर्थ दिने र विपरीत संवेदना जागृत गर्ने शब्द हुन् र यी दुई शब्दले विपर्यासयुक्त दुई फरकफरक शाश्वत मान्यतालाई द्योतन गर्छन् तर यहाँ यी दुवै शब्दको एकैठाउँमा प्रयोग गरेर नयाँ सत्यको उद्घाटन गरिएको छ । यहाँ मृत्युमा पनि जीवन देखाइएको छ र मृत्युमा जीवन भएकैले मृत्युलाई कहिल्यै मर्नु नपरेको र ऊ चिरञ्जीवी भएर बाँचिरहेको भाव प्रस्तुत गरिएको छ। यसरी मृत्युलाई नै जीवनको संज्ञा दिएर विपरीत संवेदनाको संयोजन गरी यहाँ चिद्वैषम्यको प्रयोग गरिएको छ। यस्तै अर्को उदाहरणमा पनि चिद्वैषम्यको प्रयोग पाइन्छ :

मेरो एउटा दुस्मन छ
जो मलाई फोहोरजत्तिकै घृणा गर्छ
तर म उसलाई फूलजत्तिकै मन पराउँछु ।

(मनु मञ्जिल, 'दुस्मन', *ल्याम्प-पोस्टबाट खसेको जून,* पृ. ५) ।

प्रस्तुत कवितांशमा दुस्मन अर्थात् शत्रुलाई देखाएर शत्रुले आफूलाई गर्ने व्यवहार र आफूले शत्रुलाई गर्ने व्यवहारका बारेमा विपरीत भाव अर्थात् विपरीत सत्यको समायोजन गरी नयाँ सत्यलाई स्थापित गरिएको छ । आफूलाई फोहरलाई जत्तिकै घृणा गर्ने दुश्मनलाई फूलजत्तिकै मन पराउने जुन भाव यहाँ व्यक्त भएको छ, त्यो भाव परम्परागत र सामान्य छैन । फोहर र फूल एकअर्काका विपरीत गुण जनाउने शब्द हुन् र शब्दले सामान्य अवस्थामा एकै प्रकारको विशेषता वा अनुभूति प्रकट गर्दैनन् । फोहर असुन्दरताको प्रतीक हो भने फूल सुन्दरताको प्रतीक हो । त्यसै गरी घृणा गर्नुको भाव र मन पराउनुको भाव पनि एकअर्कासँग विपरीत छन् । यसरी विभिन्न बिम्ब र प्रतीकका माध्यमबाट विपरीत विशेषता भएका शब्दहरूको संयोजन गरी नयाँ भाव व्यक्त गरिएकाले यस कवितांशमा चिद्वैषम्यको प्रयोग प्रभावी रूपमा भएको छ । यस्तै अर्को कवितांश यसप्रकार छ :

यहीँबाट- म हेर्न चाहन्छु मौनताको गुञ्जन
नतान कृपया
कुनै खराब युद्धमा सामेल नगर मलाई ।
(रमेश क्षितिज, 'कायानुस्मृति', *पर्वतपर्वतमा बटुवा घाम*, पृ. ७९) ।

प्रस्तुत कवितांश पनि चिद्वैषम्यको सामान्य प्रयोग गरिएको छ र यहाँ विपरीत अर्थ दिने दुई फरकफरक शब्दको प्रयोग गरी भावलाई गम्भीर बनाइएको छ । कविले यहीँबाट मौनताको गुञ्जन सुन्न चाहेको र कुनै खराब युद्धमा आफू सामेल हुन नचाहेको भाव व्यक्त भएको यस कवितांशमा मौनता र गुञ्जनको समायोजन गरी चिद्वैषम्यको निर्माण गरिएको छ । यहाँ मौनता भन्नाले चुपचाप वा सन्नाटा भन्ने बुझिन्छ र गुञ्जन भनेको ध्वनि वा आवाज हो । सामान्य रूपमा वा यथार्थमा जहाँ मौनता हुन्छ त्यहाँ गुञ्जन हुनै सक्दैन तर यहाँ मौनतामा गुञ्जनलाई हेर्ने चाहना राखिएको छ र यहाँ संवेदनात्मक बिम्बको निर्माण गरिएको छ । मौनतामा गुञ्जन हेर्ने सन्दर्भले तीनवटा पृथक्पृथक् शब्दका विपरीत अर्थहरूलाई समायोजन गरी नवीन भाव अभिव्यक्त गरिएकाले चिद्वैषम्यको प्रयोग भएको छ । यस्तै चिद्वैषम्यको प्रयोग गरिएको अर्को कवितांश यसप्रकार छ :

उज्यालो जति बढ्दैजानेछ
हुनेछ दिन त्यति नै कालो
अँध्यारै फाल्नेछ तिम्रो दियालो
त्यसपछि तिमीले
कहिल्यै भेट्नेछैनौ आफूलाई ।
(देवव्रत, 'त्यसपछि', *अश्वत्थामाको निधारबाट बाग्मती बग्छ*, पृ. १०४) ।

प्रस्तुत कवितांशमा विपरीत अर्थ बोकेका शब्दहरूको सुन्दर प्रयोग गरिएको छ र कवितालाई प्रभावी बनाइएको छ । उज्यालो र कालो दुई विपरीत अर्थ दिने शब्द हुन् र विपरीत अर्थको प्रयोगबाट व्यङ्ग्यचेतना-सहितको नवीन अर्थ द्योतन भएकाले यहाँ चिद्वैषम्यको प्रयोग राम्ररी गरिएको छ । प्रस्तुत कवितांशमा जति उज्यालो बढ्दै जानेछ उति दिन कालो हुने, दियालोले पनि अँध्यारो फाल्ने र त्यस अवस्थामा मान्छे आफैँले आफैँलाई भेट्न नसक्ने भाव व्यक्त भएको छ। सामान्य अर्थमा र यथार्थमा उज्यालो बढ्दै गएपछि दिन उज्यालो हुँदै जान्छ र दियालो बालेपछि त्यसले उज्यालो फाल्छ तर यहाँ त्यसो नभएर उल्टो भएको छ र त्यो उल्टोपन दृश्यमा नदेखिएर अनुभूतिमा व्यक्त भएकाले इद्रियानुभूतिको विपर्यास भाव व्यक्त भएको छ । यसरी चिद्वैषम्यका माध्यमबाट समाजमा विद्यमान यावत् विसङ्गतिप्रति यस कवितांशमा व्यङ्ग्य गरिएको छ । यस्तै चिद्वैषम्यको प्रयोग गरिएको अर्को कवितांश यसप्रकार छ :

हेर्नु, मेरो अँजुलीबाट
जीवनको समुद्र नै चुहिएर सकिएको छ ।
मेरो हत्केलाबाट खसेर
जीवनको ऐना टुक्राटुक्रा भएको छ ।
(भूपिन, 'पागलको गीत', *सुप्लाको हवाइजहाज*, पृ. २७) ।

प्रस्तुत कवितांशमा जीवनका विशेषता र यथार्थलाई प्रस्तुत गर्ने क्रममा चिद्वैषम्यको प्रयोग गरिएको छ। यहाँ जीवनलाई विभिन्न अनुभूतिजन्य र दृश्यजन्य संवेदनासँग जोडेर चिद्वैषम्यको प्रयोग गरी गहिरो भाव अभिव्यक्त गरिएको छ । अँजुलीबाट जीवनको समुद्र नै चुहिएर सकिनु र हत्केलाबाट खसेर जीवनको ऐना टुक्राटुक्रा हुनुजस्ता बिम्बहरूको प्रयोग गरी जीवनलाई चुहेर सकिने समुद्रका रूपमा चित्रण गर्दै ऐनाजस्तो टुक्राटुक्रा हुनु जीवनको विशेषता भएको कुरा प्रस्तुत गरिएको छ। यस कवितांशमा हत्केलाबाट जीवनको ऐना खसेर टुक्रा हुने जुन विपर्यास भाव प्रस्तुत गरेको छ त्यही नै चिद्वैषम्यको प्रभावकारी प्रयोग हो । यहाँ प्रयोग भएका दृश्यसंवेदना, स्पर्शसंवेदना र अनुभूतिगम्य संवेदनाका बिम्बहरूले आआफ्ना धर्म छाडेर एकआपसमा समाहित भएकाले माथिको कवितांशमा चिद्वैषम्यको प्रयोग देखिएको हो । यस्तै प्रयोग भएको अर्को कवितांश यसप्रकार छ :

बलात्कार माफ र प्रेम पाप हुने
यो झिलीमिली अन्धकारमा
मुनाफाखोरहरू एक्कासि राख्न थाले पुर्पुरोमा हात
बन्द भयो प्रेम र बलात्कार बिच भेदहरू जस्तो
निरन्तर गुञ्जिरहेको सुरिलो सङ्गीत
मानौँ यो संसार एउटा भव्य चिहानघारी हो
जहाँ ज्युँदा आवाजहरूको हुन्छ अन्त्येष्टि
(अभय श्रेष्ठ, 'सुश्री आमा सुन्दरी', *लहना र तीर,* पृ. ४२)।

समसामयिक विषयलाई कविताको भावभूमि बनाइएको यस कवितांशमा बलात्कार माफ र प्रेम पाप हुने झिलीमिली अन्धकारको सन्दर्भ प्रस्तुत गरिएको छ। यसमा बलात्कार माफ र प्रेम पाप तथा झिलीमिली अन्धकारजस्ता पदावलीले अर्थको विपर्यास भावलाई प्रस्तुत गरेका छन् । यसैगरी प्रेम र बलात्कारका बिचमा भेद हराएपछिको विवेकहीन समाजलाई जिउँदा आवाजहरूको अन्त्येष्टि हुने भव्य चिहानघारी संज्ञा दिइएको छ र यस कवितांशमा भेदहरूलाई सुरिलो सङ्गीत र संसारलाई आवाजहरूको अन्त्येष्टि हुने भव्य चिहानघारीका रूपमा चित्रण गरेर अनुभूतिजन्य संवेदनाहरूलाई विपर्यासका रूपमा प्रस्तुत गरिएको छ । अन्धकार भन्नु नै अँध्यारो हो तर यहाँ यही अँध्यारोलाई झिलीमिली मानेर प्रस्तुत गरिएको र चिहानघारीमा सङ्गीतको सन्दर्भ प्रस्तुत गरिएकाले चिद्वैषम्यको प्रयोग भएको छ । त्यस्तै उदाहरणका लागि अर्को कवितांश यसप्रकार छ :

मैले उसलाई
मेरो हत्याको
सजाय माफ दिएँ
र आफू
थुनामुक्त भएँ ।
(नवीन प्राचीन, 'प्वाँख', *प्वाँख,* पृ. १३)।

शब्दले चलनचल्तीको सामान्य अर्थभन्दा पर पुगेर विशेष अर्थ प्रदान गरेको यस कवितांशमा चिद्वैषम्यको प्रयोग प्रभावी देखिन्छ । कवितामा प्रयोग भएको 'मैले उसलाई मेरो हत्याको सजाय माफ दिएँ र आफू थुनामुक्त भएँ' भन्ने वाक्यले प्रश्नहरूको उत्तर दिएका छैनन्, उल्टै प्रश्नहरूको निर्माण गरेका छन्। यस कवितांशमा म पात्रको हत्या भइसकेको छ, हत्या भइसकेको अर्थात् मरिसकेको उसले उसलाई अर्थात् आफ्नै हत्यारालाई आफ्नो हत्याको सजाय माफ दिएको छ र आफू थुनामुक्त भएको भएको छ । यहाँ हत्या भइसकेको मान्छे कसरी बोल्न सक्छ ? आफ्नै हत्यारालाई कसरी सजाय माफ गरिदिन सक्छ ? र ऊ कस्तो थुनामा हुन्छ र थुनामुक्त कसरी हुन्छ ? भन्ने प्रश्नहरू छोडेको छ र यसको उत्तर पाठक वा भावकको संवेदनासँग मागेको छ । यहाँ विचार वा भावलाई सिधै प्रस्तुत नगरी हत्या, सजाय, थुनामुक्तजस्ता संवेदनाजन्य बिम्बहरूको निर्माण गरी जटिल बनाइएको छ। आफूलाई घात गर्नेहरूलाई माफ गरिदिएर तिनीहरूबाट मुक्त भई स्वतन्त्र रूपमा बाँचेको भाव प्रस्तुत गरिएकाले यस कवितांशमा चिद्वैषम्यको प्रयोग प्रयोग पाइन्छ । यस्तै अर्को कवितांश यसप्रकार छ :

उसका करङहरू
कुनै देवालयका सिँढीजस्तै देख्छु
जहाँबाट उक्लिरहेकै छन्
असङ्ख्य सपनाका ठेकेदारहरू
(राजु स्याङ्तान, 'सपनामा आउने मान्छे', *ओ पेङ्दोर्जे,* पृ. ४८) ।

सीमान्तीकृतहरूका विवशतालाई व्यक्त गरिएको माथिको कवितांशमा शब्दार्थमा विपर्यासको प्रयोग गरी अप्रकटित अर्थ प्रस्तुत गरिएको छ। यहाँ मान्छेका करङलाई देवालयको सिँढीजस्तै देख्नु, त्यो सिँढीबाट असङ्ख्य सपनाका ठेकेदारहरू उक्लिरहनुले भावमा विपरीतता ल्याएका छन् र यसले कविताको विचारलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ। सामान्य अर्थमा कुनै पनि देवालयका सिँढीहरू मान्छेका करङले बनेका हुँदैनन् र सपनाका किनबेच गर्ने संसारमा कुनै ठेकेदार हुँदैनन्, किनकि सपना सित्तैमा देख्न पाइने कुरा हो तर यस कवितांशमा संवेदनाजन्य अर्थको प्रयोग गरी देवालयको सिँढी गरिबको रगतपसिनाले सिञ्चित भएर बनेका हुन्छन् र त्यो ढुङ्गा, सिमेन्ट र माटोले नै बनेको भए पनि त्यसलाई गरिबको करङसँग जोडेर दृश्यबिम्बका माध्यमले भावलाई प्रभावपूर्ण बनाइएको छ । यसरी यहाँ सामान्य अर्थले उत्कर्षमा पुऱ्याउन नसकेको भावलाई चिद्वैषम्यको प्रयोग गरी उत्कर्षमा पुऱ्याइएको छ । यस्तै चिद्वैषम्यको प्रयोग गरिएको अर्को कवितांश यसप्रकार छ :

लुटियो मेरो
आस्थाको आरुङ्डी
रहरको राङ्डी
बग्न थालेको हुँ त्यसपछि
तिर्खाको नदी
छातीभित्र चुपचाप चुपचाप
(गिरी श्रीश मगर, 'मौन व्रतको सीमा', *एकलव्यको देब्रे हात,* पृ. ४) ।

अस्तित्व चेतना र विद्रोहात्मक भाव प्रस्तुत गरिएको यस कवितांशमा रूपतत्त्व र रसतत्त्वको विपरीत धर्मका माध्यमबाट चिद्वैषम्यको प्रयोग गरिएको छ । आस्थाको आरुङ्डी र रहरको राङ्डी लुटिएपछि अर्थात् आफ्नो सांस्कृतिक आस्था र रहरका नदीहरू एकाएक आफूबाट खोसिएपछि छातीभित्र चुपचाप चुपचाप तिर्खाको नदी बग्न थालेको भाव यहाँ व्यक्त गरिएको छ । यहाँ प्रयोग भएका रहर र आस्था लुटिनु र तिर्खाको नदी छातीभित्र चुपचाप बग्नुजस्ता जुन पदावली छन् तिनले चिद्वैषम्यलाई प्रभावकारी रूपमा प्रस्तुत गरेका छन् । सामान्य अर्थमा रहर र आस्था कसैले लेट्न सक्ने कुनै भौतिक वस्तु होइनन् । यहाँ भावलाई वस्तुका रूपमा प्रयोग गरी नयाँ अर्थ प्रदान गरिएको छ भने नदी आफैँमा तिर्खा मेट्ने स्रोत हो तर ऊ आफैँ तिर्खा बोकेर हिँडेको भाव यहाँ व्यक्त गरिएको छ । यसरी शब्दार्थमा विपर्यासको प्रयोग गरेर र संवेदनाजन्य बिम्बहरूलाई एकआपसमा अन्तरण गरेर यस कवितांशमा चिद्वैषम्यको प्रयोग गरिएको छ

## ५. निष्कर्ष

आधुनिक नेपाली कवितामा उत्तरवर्ती चरण भनेर पछिल्लो समयका कवितालाई बुझिन्छ र सत्तरीको दशकका कविताले यसलाई बढी प्रतिनिधित्व गर्छन् । पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियका आआफ्ना गुण, धर्म वा कार्यव्यापार हुन्छन् । कवितामा प्रयोग हुँदा ती इन्द्रियहरूले आफ्ना गुण, धर्म वा कार्यव्यापारबाट अलग्गिएर वा विपरीत अर्थ ग्रहण गरेर आएमा त्यो चिद्वैषम्य हुन्छ । कवितामा यस्तो चिद्वैषम्यको सृजनाले पृथक् सौन्दर्य थप्दछ । कविले भन्न खोजेका भावलाई अभिव्यक्त गर्न शब्दहरू असमर्थ हुन थालेपछि त्यसका लागि कविले विपरीत अर्थका गुणधर्म भएका शब्दको खोजी गर्छ र यसबाट चिद्वैषम्यको सृजना गर्छ । उत्तरवर्ती नेपाली कविताका विविध प्रवृत्तिमध्ये चिद्वैषम्यको प्रयोग पनि एउटा मूलप्रवृत्ति बनेर आएको छ । यसले कविताको भाव वा विचारलाई

कलात्मक बनाउने र त्यसको सौन्दर्यलाई उत्कर्षमा पुऱ्याउने काम गरेको छ । कविता आफैँमा थोरै शब्दमा धेरै कुरा भनिने विधा हो र यो सूत्रात्मक हुन्छ, त्यसैले कवितामा प्रस्तुत गरिने शब्दहरूको चयन प्रभाकारी हुनु आवश्यक हुन्छ । कवितालाई प्रभावकारी र साङ्केतिक बनाउनका लागि पनि चिद्वैषम्यको प्रयोग भएको देखिन्छ । उत्तरवर्ती नेपाली प्रतिनिधि कविताका रूपमा माथि चयन गरिएका अंशहरूमा चिद्वैषम्यको प्रयोगले कवितामा भावगत, विचारगत र शिल्पगत प्रभावकारितामा केकस्तो प्रभाव पारेको छ भन्ने कुरालाई स्पष्ट पारेको छ । कवितामा चिद्वैषम्यको प्रयोगबाट संस्कृति, दर्शन, राजनीति आदि अन्तर्विषयकताले पनि प्रवेश पाएको छ र यसबाट उत्तरवर्ती नेपाली कविता अर्थका दृष्टिले बहुलतामय पनि भएको छ । ज्ञानका विभिन्न क्षेत्रमा प्रयोग हुने स्तरीय शब्दको प्रयोग र तिनले दिने विशिष्ट अर्थले कविताको विषयवस्तुलाई प्रभावकारी बनाएको मात्र छैन अभिव्यक्तिलाई कलात्मक र रोचकसमेत बनाएको देखिन्छ । माथि विश्लेषण गरिएका कवितांशहरूमा सृजित चिद्वैषम्यबाट कवितामा इन्द्रियजन्य गुणधर्म र कार्यव्यापारका बिच वैपरीत्य स्थिति सृजना भएको छ र यसले कवितामा अर्थका बहुल सम्भावनातिर पाठकलाई अभिप्रेति गरेको देखिन्छ । त्यसकारण चिद्वैषम्यको प्रयोग गरी लेखिएका कविता अन्य कविताका तुलनामा बौद्धिक, प्रभावकारी र सशक्त देखिन्छन् । यसले कविताको भावसौन्दर्य र शिल्पसौन्दर्यलाई समेत व्यापक र फराकिलो बनाउनाका साथै अन्यार्थप्रधान तथा अर्थगम्भीर बनाएको पाइन्छ । कविता त्यसै पनि साङ्केतिक हुने र अप्रकटित अर्थमा नै यसको सौन्दर्य देखिनेभएकाले विविध चिद्वैषम्यको प्रयोगबाट उपर्युक्त नेपाली कविता प्रभावी बनेका छन् र यो नै यसको महत्तम प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०७७), *प्रिय मौनता,* काठमाडौँ : शिखा बुक्स ।

क्षितिज, रमेश (२०७९), *पर्वतपर्वतमा बटुवा घाम,* काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा.लि. ।

जङ्गल, ज्योति (२०७९), *आधा शिर उचालेर,* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

थेबा, मुक्तान (२०७५), *अखण्ड आलाप,* काठमाडौँ : साङ्ग्रिला बुक्स ।

देवव्रत (२०८०), *अश्वत्थामाको निधारबाट बागमती बग्छ,* काठमाडौँ : इन्डिगो इन्क पब्लिकेसन प्रा.लि.।

प्राचीन, नवीन (२०७९), *प्वाँख,* काठमाडौँ : पब्लिकेसन नेपालय ।

पौड्याल, महेश (२०७५), *शून्य प्रहरको साक्षी,* काठमाडौँ : शिखा बुक्स ।

भूपिन (२०७२), *सुप्लाको हवाइजहाज,* काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा. लि ।

मगर, गिरि श्रीस (२०७७), *एकलव्यको देब्रे हात,* काठमाडौँ : बुकहिल पब्लिकेसन ।

मञ्जिल, मनु (२०६८), *ल्याम्प-पोस्टबाट खसेको जून,* काठमाडौँ : फाइनप्रिन्ट पब्लिकेसन ।

यात्री, हेमन (२०६९), *पहाड मसितै यात्रा गर्छ,* काठमाडौँ : फिनिक्स बुक्स ।

राई, इन्द्रबहादुर (सन् १९८२). *अर्थहरूको पछिल्तिर,* सिक्किम : जनपक्ष प्रकाशन ।

राई, इन्द्रबहादुर (सन् १९९६), *लीलालेखन : वार्ता र अन्तर्वार्ता,* राजेन्द्र भण्डारी र वत्सगोपाल (सम्पा./वार्ताकार), सिक्किम : जनपक्ष प्रकाशन ।

श्रेष्ठ, अभय (२०८०), *लहना र तीर,* काठमाडौँ : बुकहिल पब्लिकेसन प्रा. लि ।

स्याङ्तान, राजु (२०८०), *ओ पेङ्दोर्जे !,* काठमाडौँ : नेपालय ।

सापकोटा गोपी, (२०६३), *गुलाफको एस्ट्रेमा मृत्यु,* नवलपरासी : त्रिवेणी साहित्य परिषद् ।

Betts, Jennifer (2000), *Synesthesia Examples in literature an poetry*, U.S.A.: J. and C. company.

Simer, en. wikipedia.org./wiki/synesthesia, Dec. 02.2023.

Simer, 2012, en. wikipedia.org.synesthesia in poetry, Dec. 05.2023.